सूचना एवम् जन सम्पर्क विभागको वेबसाइट
www.ipr.sikkim.gov.in

# सिक्किम हेरल्ड

Postal Regd. No: WB/SKM/01/13

वर्ष ५४ | गान्तोक, (शुक्रबार) फरवरी १९,२०२१ | अङ्क ०६

## मनन् केन्द्रमा राज्यस्तरीय हितधारक कार्यशाला आयोजित




गान्तोक।
कृषक उत्पादक संगठनमाथि मनन् केन्द्रमा आयोजित राज्यस्तरीय हितधारक कार्यशालाको अवसरमा राज्यको कृषक उत्पादक संगठन (एफपीओ)–हरूलाई कृषि उत्पादको बजार व्यवस्थापनको उद्देश्यका लागि यातायात वाहन प्रदान गरियो। सिक्किमका मुख्यमन्त्री प्रेमसिंह तामाङ (गोले)–को बाहुलीद्वारा सातवटा एफपीओ–लाई वाहनको चावी हस्तान्तरण गर्दै पहिलो चरणका निम्ति उत्तरपूर्वी क्षेत्रका लागि जैविक अभियान मूल्य श्रृङ्खला विकासअन्तर्गत छुट दरमा परिवहन वाहनको शुभारम्भ गरियो। यस विषयलाई लिएर १८ फरवरीको दिन सिक्किम सरकार अधिनस्थ सिक्किम जैविक कृषि विकास एजेन्सीद्वारा गान्तोकको मनन केन्द्रमा उत्तरपूर्वी क्षेत्रका लागि जैविक अभियान मूल्य श्रृङ्खला विकास योजनाअन्तर्गत एफपीओ–हरूलाई लिएर राज्यस्तरीय हितधारक कार्याशाला आयोजन गरियो। मुख्यमन्त्री प्रेमसिंह तामाङ मुख्य अतिथि रहनुभएको समापन समारोहमा कृषि मन्त्री लोकनाथ शर्मा, ऊर्जा मन्त्री एमएन शेर्पा र सड़क एवं पूल विभाग मन्त्री सामडुप लेप्चाको पनि उपस्थिति रहेको थियो। मुख्यमन्त्री राहत कोषबाट कोरोना महामारीले प्रभावित २८२–जना पुष्प कृषकलाई कूल ८ लाख ८२ हजार २२२ रुपियाँ सहयोग राशि पनि मुख्यमन्त्रीको बाहुलीद्वारा प्रदान गरियो।कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै मुख्यमन्त्रीले कृषकहरूको हितमा राज्य अनि केन्द्र सरकारले धेरैवटा योजनाहरू लागू गरेको कुरा अवगत गराउनुभयो। यसको साथै वर्तमान राज्य सरकारले सबैभन्दा अधिक प्राथमिकता कृषि र किसानहरूलाई दिएर काम गरिरहेको उहाँले बताउनुभयो। मुख्यमन्त्रीले सरकारले दूधमा प्रति लिटर अतिरिक्त आठ रुपियाँ सहयोग राशि दिने गरेको, जसको कारण प्रत्येक महिना सरकारबाट एक करोड़ रुपियाँ सिधै राज्यका दूध उत्पादक किसानहरूको गोजीमा जाने गरेको कुरा उल्लेख गर्नुभयो। यसरी नै पाचँवटा फसलमा पनि अतिरिक्त सहयोग राशि दिन शुरु गरिएको, जसको रकम अझै वृद्धि गरिने मुख्यमन्त्री तामाङले बताउनुभयो। कार्यक्रममा उपस्थित एफपीओ–का प्रतिनिधिहरूलाई सम्बोधन गर्नुहुँदै सङ्गठनलाई अझ बलियो र सक्रिय बनाउने मुख्यमन्त्रीले अपील गर्नुभयो। भविष्यमा एफपीओ–सित आवद्ध किसानहरूलाई मात्र ती फसलहरूको अतिरिक्त सहयोग राशि प्रदान गरिने पनि उहाँले अझ बताउनुभयो।कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै मन्त्री लोकनाथ शर्माले एफपीओ–को महत्त्वमाथि प्रकाश पार्नुभयो। विभागले थप २८–वटा एफपीओ गठन गर्ने योजना बनाएको उहाँले जानकारी गराउनुभयो।

## मुख्यमन्त्रीद्वारा सरस्वती मन्दिरमा पूजा अर्चना



१५ फरवरी, मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले गान्तोक पाँच माइलस्थित सरस्वती मन्दिरको दर्शन गर्नुभयो।

यस अवसरमा उहाँले मन्दिर समितिका सदस्यहरूसित अन्तरक्रिया गर्नुहुँदै उनीहरूद्वारा राखिएका सम्पूर्ण गुनासोहरू धैर्यताका साथ सुन्नुहुँदै आवश्यक सबै सहयोग प्रदान गर्ने आश्वासन दिनुभयो।

सो अवसरमा क्षेत्र विधायक श्री जीटी ढुङ्गेल, सूचना प्रौद्योगीकी (आईटी)–का सल्लाहकार श्री तेञ्जीङ लामठा, शहरी विकास विभागका मुख्य अभियन्ता श्री लाक्पा शेर्पा, पूर्वका जिल्लापाल श्री रगुल के, पुलिस अधिक्षक डाक्टर यालासिरी, मन्दिर समितिका सभापति श्री सीबी कार्की लगायत अन्यको उपस्थिति थियो।

## नाम्चीमा ३२औं राष्ट्रिय सड़क सुरक्षा महिना पालन



नाम्चीस्थित सेन्ट्रल पार्कमा ३२औं राष्ट्रिय सड़क सुरक्षा महिना पालन गरियो। दक्षिणका जिल्लापाल श्री एम भरनी कुमार, पुलिस अधिक्षक ठाकुर थापा, पुलिस तथा ट्राफिक कर्मी लगायत हितधारकहरूको उपस्थिति रहेको कार्यक्रमको आयोजना दक्षिण जिल्ला प्रशासनिक केन्द्रद्वारा गरिएको हो। यसमा भारत सरकारको सड़क परिवहन एवं राजमार्ग मन्त्रालयअन्तर्गत राष्ट्रिय राजमार्ग तथा पूर्वाधार विकास निगम लिमिटेडले सहयोग पुऱ्याएको थियो। सड़क सुरक्षा महिनाको एक भागको रूपमा रहेको वकाथनको जिल्लापालले नाम्ची सेन्ट्रल पार्कबाट शुभारम्भ गर्नुभयो।

उल्लेख योग्य कुरा के छ भने राष्ट्रिय सड़क सुरक्षा महिनाको लक्ष्य देशमा सड़क सुरथा तथा सड़क दुर्घटना कम गर्ने सम्बन्धमा मानिसहरूमा जागरूकता फैलाउनु हो। यसका साथै सड़क दुर्घटनाको कारणबारे सचेत हुनका साथै यसको रोकथामका उपायबारे सुरक्षा महिनाको एक भागको रूपमा प्रकाश पारिनेछ। वकाथन, संगोष्ठि अनि धेरै अन्य गतिविधिहरू सचेतना जगाउने कार्यक्रमको रूपमा आयोजन गरिनेछन्।

## मुख्यमन्त्रीद्वारा सिस्को ब्याङ्कको एटीएम उद्घाटन

**गान्तोक।**
टाशीलिङ सचिवालयमा १८ फरवरीको दिन मुख्यमन्त्री प्रेमसिंह तामाङको बाहुलीद्वारा सिक्किम राज्य सहकारी ब्याङ्क लिमिटेडको एटीएम उद्घाटन गरियो। मुख्यमन्त्री मुख्य अतिथि रहनुभएको कार्यक्रममा सहकारी विभाग मन्त्री सोनाम लामा, सिस्को ब्याङ्कका अध्यक्ष डुप पिन्ट्सो केलियोन, मुख्य सचिव एससी गुप्ता, मुख्यमन्त्रीका सचिव एसडी ढकाल, नाबार्डका महाप्रबन्धक रवी साङभी, सिस्को ब्याङ्कका प्रबन्धन निदेशक डा. दिवाकर , विभिन्न विभागीय प्रमुखहरूको उपस्थिति थियो। मुख्यमन्त्रीले विशेषगरी ग्रामीणवासीको हितलाई ध्यानमा राखेर उदाहरणीय काम



गरिरहेछ भन्नुहुँदै ब्याङ्कलाई प्रोत्साहित गर्नका साथै सहयोग गर्न सिस्को ब्याङ्कबाट उपलब्ध सेवाको उपभोग गर्ने मानिसहरूसित अपील गर्नुभयो।

# 'जिल्ला स्तरीय खेल प्रतिभाको खोज' कार्यक्रमको समापन

नाम्ची।
दक्षिण जिल्लाको खेल तथा युवा मामिला विभागले सफलतापूर्वक भाइचुङ स्टेडियममा 'जिल्ला स्तरीय खेल प्रतिभाको खोज' कार्यक्रमको समापन गऱ्यो। यस कार्यक्रममा ७-देखि १२ वर्षको आयुवर्गका चौंसट (६४)-जना प्रतिभागीले भाग लिएका थिए, जुन पुरूष अनि महिलाका निम्ति खुल्ला रहेको थियो। प्रतिभागीहरूमा यस जिल्लाको आठवटा खण्ड प्रशासनिक केन्द्रबाट खेल प्रतिभाको खोज प्रतियोगितामा चयनित भएका हुन्। यहाँ उल्लेखयोग्य कुरा के छ भने जिल्ला स्तरमा चयनित प्रतिभागीहरूले राज्य स्तरीय प्रतिभाको खोजमा जिल्लालाई प्रतिनिधित्व गर्नेछन्, जहाँ उदियमान युवा खेलाडीहरूलाई आफ्नो प्रतिभा प्रदर्शन गर्ने अवसर प्राप्त हुनेछ।

# 'जीवन अनि गतिशीलता कौशल तालीम'-को शुभारम्भ

नाम्ची।
चार हप्ता लामो 'जीवन अनि गतिशीलता कौशल तालीम' कार्यक्रम नाम्चीको बूमटारस्थित दृष्टिहीन विद्यार्थीको जवहारलाल नेहरू संस्थान (जेएनएमआई)-मा हिजोदेखि शुरू भएको छ। दक्षिणका जिल्लापाल श्री एम भरनी कुमारको मुख्य आतिथ्यमा सम्पन्न कार्यक्रममा सामाजिक न्याय एवं कल्याण विभागका उपनिदेशक श्री नकुल रावत अनि विद्यालयका प्रधानाध्यापक श्री सामुएल सुब्बा विशेषरूपमा उपस्थित हुनुहुन्थ्यो।
दृष्टिहीन व्यक्ति सशक्तीकरणको निम्ति राष्ट्रिय संस्थान (NIEPVD), देहरादुन अनि विद्याङ्गीजनको कौशल विकास, पुनर्वास तथा सशक्तीकरणका लागि समग्र क्षेत्रीय केन्द्र, सिक्किमबाट कार्यक्रमका स्रोत वक्ताको रूपमा रहनुभएको छ। NIEPVD भारत सरकारको सामाजिक न्याय एवं सशक्तीकरण मन्त्रालयको प्रशासनिक नियन्त्रणमा दृष्टिहीनहरूको निम्ति काम गरिरहेको एक प्रमुख संस्थान हो। दृष्टिगत रूपमा असक्त व्यक्तिहरूको अधिकार र गौरव प्रवर्द्धन गर्न यो संस्थान प्रतिबद्ध छ।
सीआरसी-को स्थापना विभिन्न राज्यहरूमा सामाजिक न्याय एवं सशक्तिकरण मन्त्रालयद्वारा गरिएको हो, ताकि शिक्षा, स्वास्थ्य, रोजगार अनि व्यावसायिक प्रशिक्षण, अनुसन्धान र जनशक्ति विकास जस्ता पुनर्वास तथा अन्य धेरै प्रकारका निवारक साथै

*हल पृष्ठ ४ मा..*

# गान्तोकमा सड़क सुरक्षामाथि सचेतना कार्यक्रम सम्पन्न




भारत सरकारको परिवहन मन्त्रालयले देशव्यापीरुपमा आयोजना गरेको राष्ट्रिय सड़क सुरक्षा महिना सिक्किम राज्यमा पनि विविध जनचेतनामूलक कार्यक्रमका पालन गरियो। १८ जनवरीदेखि राज्यव्यापीरुपमा आरम्भ भएको यो अभियान १७ फरवरीका दिन राजधानीको एमजी मार्गमा विधिवत रुपमा समापन गरियो। सो अवसरमा राज्यका लोकसभा सांसद इन्द्रहाङ सुब्बा मुख्य अतिथिको रुपमा उपस्थित रहनुभएको थियो भने साथमा परिवहन मन्त्री सञ्जित खरेलको पनि उपस्थिति रहेको थियो।
समापन समारोहलाई सम्बोधन गर्नुहुँदै सांसद सुब्बाले सरकारको महिनाव्यापी अभियान आज समाप्त भएको तर सड़क सुरक्षा अभियान र यसबारे प्रत्येक नागरिकको जिम्मेवारी एवं कर्तव्य कहिल्यै पनि नसकिने बताउनुभयो। सड़क सुरक्षालाई लिएर अरुलाई सचेत गर्ने र आफू पनि सचेत बन्ने पहल एक महिना मात्र होइन वर्षैभरि गरिनुपर्ने कुरामाथि उहाँले जोर दिनुभयो। एक महिनामा सड़क सुरक्षाबारे सचेतना जगाउँदै परिवहन विभाग राज्यका सबै ठाउँहरूमा पुग्न नसके तापनि विभिन्न माध्यमबाट धेरै नै जागरुक्ता ल्याउन सफल भएको उहाँले आशा व्यक्त गर्नुभयो। सड़क सुरक्षा र ट्राफिक नियमबारे चालकहरू मात्र होइन तर प्रत्येक नागरिक सचेत बन्नुपर्छ भन्ने कुरामा जोर दिँदै यस विषयलाई राज्यका प्रत्येक विद्यालयमा पुऱ्याउनुपर्ने उहाँले बताउनुभयो।
परिवहन विभागको यस महिनाव्यापी सड़क सुरक्षा अभियानलाई सफल बनाउनमा राज्यका विभिन्न चालक सङ्गठन अनि सङ्घ संस्थहरूले दिएको सहयोगको निम्ति उहाँले विभाग र सरकारको पक्षबाट धन्यवाद दिनुभयो। यसरी नागरिक समाजको सहयोगले मात्र सरकारले कुनै पनि योजनालाई सही ढङ्गमा लागू गर्नसक्ने सांसद सुब्बाले आफ्नो सम्बोधनमा बताउनुभयो।
कार्यक्रमा ट्याक्सी, लक्जरी भेहिकल, ट्रक र बस चालकहरूमा सबैभन्दा सुरक्षित चालकहरू चयन गरेर स्टेट ड्राइभर अवार्ड साथै आर्थिक अनुदान पनि प्रदान गरियो। यसरी नै यस महिनाव्यापी अभियानमा आयोजना गरिएको रन फर रोड सेफ्टि, चित्रकला र निबन्ध प्रतियोगिताका विजेता विद्यार्थीहरूलाई पारितोषिक साथै चालक सङ्गठन र सङ्घ संस्थाहरूलाई पनि अभिनन्दन जनाइयो। यसको साथै दुर्घट्नामा ज्यान गुमाउने दुईजना चालकका परिवारलाई सरकारको तर्फबाट प्रदान गरिने पाँच लाख रुपियाँ अनुग्रह राशि पनि प्रदान गरियो।

# स्वास्थ्य एवं परिवार कल्याण विभागको समन्वय सभा

स्वास्थ्य एवं परिवार कल्याण विभागको समन्वय सभा दक्षिणका जिल्लापालको नाम्चीस्थित कार्यालयमा सम्पन्न भयो। जिल्लापाल श्री एम भरनी कुमारको अध्यक्षतामा सम्पन्न सभामा पुलिस अधिक्षक ठाकुर थापा, दक्षिणकी डीआरसीएचओ डा. जुनीता योञ्जन तथा लाइन विभागका अधिकारीगणको उपस्थिति रहेको थियो।
अग्रिम पंक्तिका कर्मचारीहरूलाई कोभिड खोप लगाउने सम्बन्धमा चर्चा गर्न आयोजना गरिएको सभामा डा. जुनीता योञ्जनले यस जिल्लामा स्वास्थ्य हेरचाह कार्यकर्ता (एचसीडब्ल्यू)-का लागि कोभिड टीकाकरणको अवस्थामाथि जानकारी गराउनुभयो। उहाँले जानकारी दिँदै भन्नुभयो, १९ जनवरीदेखि शुरू गरिएको पहिलो डोजका निम्ति चयनित गरिएका एक हजार पाँच सय छयानब्बे (१५९६)-मध्ये एक हजार तीन सय चौंतीस (१३३४)-जनालाई खोप लगाइयो भने नयाँ लाभार्थीहरू सतासी (८७) रहेका छन्। छयालीस (४६)-जनालाई सामान्य टीकाकरण पछिको प्रतिकूल स्थिति (एईएफआई) देखापऱ्यो। टीकाकरण नगरिएका छुटेका एचसीडब्ल्यू-हरूलाई अघिल्लो चरणमा खोप लगाइनेछ। डीआरसीएचओले अग्रिम पंक्तिका कर्मचारी (एफएलडब्ल्यू)-हरूको टीकाकरणका निम्ति रहेको टोलीको योजनाको जानकारी गराउनुभयो, जुन १७ फरवरीदेखि शुरू भइरहेछ। उहाँले भन्नुभयो, राजस्व अधिकारीगण, पुलिस विभाग, शहरी विकास तथा आवास विभाग (यूडीएचडी), सूचना एवं जनसम्पर्क (आईपीआर) आदिसहित एक हजार सात सय सैंतालीस (१७४७)-दना एफएलडब्ल्यू टीकाकरणका लागि पोर्टलमा पञ्जीकृत भएका छन्।
यसका साथै उहाँले २२-देखि २८ फरवरीसम्म पालन गरिने राष्ट्रिय डिवार्मिङ सप्ताहको बारेमा पनि जानकारी गराउनुभयो। उहाँले भन्नुभयो, १-देखि १९ वर्षको आयुवर्गका नानीहरूलाई एकीकृत सामाजिक स्वास्थ्य कार्यकर्ता (एएसएचए)-हरूद्वारा विद्यालय तथा घर-घरमा पुगेर डिवार्मिङ टेब्लेट्स वितरण गरिनेछ।

**भू-राजस्व एवम् आपदा प्रबन्धन विभाग**
**सिक्किम सरकार**
**टाशीलिङ सचिवालय, खण्ड-ख**
**गान्तोक**

*संख्या ३७/एलआरडीएमडी/एसीक्यू/जीओएस*
*मितिः ०५/०२/२०२१*

भूमि अधिग्रहण, पुनर्वास अनि पुनःस्थापना अधिनियम, २०१३ (२०१३-को अधिनियम ३०)-मा उचित क्षतिपूर्ति अनि पारदर्शिताको अधिकारको धारा ११(१)-अन्तर्गत सूचना
जबकि, राज्यपालको संज्ञानमा आएअनुसार, उत्तर सिक्किमको लाचुङ खण्डमा केन्द्रिय जन कार्य विभाग, गृह मामिला मन्त्रालय, (भारत सरकार)-द्वारा सार्वजनिक उद्देश्यका लागि आईटीबीपी, लिमा-देखि छु जङ्कसनसम्म गरिने सड़क निर्माणका लागि जमीनको आवश्यकता पर्नसक्ने भएको छ। यसका निम्ति यहाँबाट सूचित गरिन्छ कि सम्पत्तिको सूचि-अन्तर्गत निम्न उल्लेखित भू-कर सम्बन्धी भूखण्ड जमीनका विभिन्न टुक्रा अनि अधिक तथा कम मापन भएको क्षेत्र ७.४५५० हेक्टेयर (नीजि जमीन ३.१८५० हेक्टेयर) तथा सिक्किम सरकार, (खासमल) ४.२७०० हेक्टेयर जमीन माथि उल्लेखित सार्वजनिक उद्देश्यका लागि सार्वजनिक खर्चमा माथि बताइएअनुसार लाचुङ, उत्तर सिक्किममा आवश्यक पर्न सक्नेछ।

**<u>सम्पत्तिको सूचि</u>**

**लाचुङ खण्डः**
भूखण्ड संख्या २४०४/पी,२४२७/पी,२४२८/पी,२४३२/पी(ए),२४३२/बी,२४३२/सी,२४३४/पी, २४४७/पी,२४४८/पी,२४४९/पी,२४१३/३२४१,२४५०/३२४७/पी,२३७६/३६१७पी,२४४८/३६४९/पी,-को ३.१८५० हेक्टेयर अधिक अथवा कम मापन क्षेत्र भएको नीजि जमीन।
भूखण्ड संख्या को २४०५/पी,२४१०/पी,२४११/पी,२३६७/पी,२३६८/पी,२४२६/पी/ए,२४२६/पी/बी,२४२९/पी/ए,२४२९/पी/बी,२४२९/पी/सी,२४३०/पी/ए,२४३०/पी/बी,२४३१/पी/ए,२४३१/पी/२४३३/पी,२४४३/पी/ए,२४४३/पी/बी,२४५०/पी ४.२७०० हेक्टेयर अधिक अथवा कम मापन क्षेत्र भएको सिक्किम सरकार (खासमल) निम्न उल्लेखित सीमानाले घेरेको छ;
**पूर्वः** निजी सम्पत्ति, सिक्किम सरकार (खासमल), नदी, फुटपाथ अनि खोला.
**पश्चिमः** पीएमजीएसवाई सड़क, निजी सम्पत्ति, सिक्किम सरकार (खासमल, नदी, फुटपाथ, खोला अनि आरएफ।
**उत्तरः** निजी सम्पत्ति, सिक्किम सरकार (खासमल, नदी, फुटपाथ अनि खोला।
**दक्षिणः** निजी सम्पत्ति, सिक्किम सरकार (खासमल), नदी, फुटपाथ अनि खोला।
यो अधिसूचना प्रकाशित भएको मितिदेखि जिल्लापाल, उत्तर जिल्लाको अग्रिम स्वीकृति बिना कुनै पनि व्यक्तिले यस प्रस्तावित अधिसूचनामा निर्दिष्ट जमीनको कुनै पनि लेनदेन गर्न अथवा यस्तो जमीनमाथि कुनै पनि अतिक्रमण गर्न पाउनेछैनन्।
जमीनको योजनाका निम्ति जिल्लापा, उत्तर, मङ्गनको कार्यालयमा निरीक्षण गर्न सकिनेछ।

**आदेश अनुसार**
**एसडी/-**
**(टीएन भोटिया), आईएएस**
**सचिव,**
भू-राजस्व एवम् आपदा प्रबन्धन विभाग,सिक्किम सरकार, गान्तोक
आर.ओ.सङ्ख्या २२७ आईपीआर/पीयुबी/क्लासिफाईड२०-२१

# ठाकुरबाड़ी मन्दिरमा सरस्वती पूजा सम्पन्न

गान्तोक, १६ फरवरी। संस्कार भारती सिक्किम, जर्नलिस्ट क्लब अफ् सिक्किम र सिक्किम बिहारी जागरण मञ्चको संयुक्त तत्वावधानमा आज राजधानीको ठाकुरबाड़ी मन्दिरमा वसन्त पञ्चमी महोत्सव एवं सरस्वती पूजा आयोजना गरियो। अनुष्ठानमा सिक्किम सरकारका शहरी विकास मन्त्री अरुण उप्रेती र गान्तोक समष्टिका विधायक वाईटी लेप्चाले विशेष उपस्थिति जनाएका थिए भने गान्तोकका महकुमा अधिकारी रबिन सेवा, प्रेस क्लब अफ् सिक्किमका अध्यक्ष जोसेफ लेप्चा, सिक्किम कलाकार संघका अध्यक्ष चुनिलाल घिमिरे, सिक्किम बिहारी जागरण मञ्चका महासचिव विरेन्द्र प्रसादलगायत संस्कार भारतीका पदाधिकारीगण, विद्यार्थीवर्ग र स्थानीय वासिन्दाको बाक्लो उपस्थिति थियो।
पछिल्लो केही वर्षदेखि ठाकुरवाड़ी मन्दिरका वास्तुकार एवं संस्कार भारती, सिक्किमका अध्यक्ष किरण रसाईलीको विशेष पहलमा सरस्वती पूजा आयोजन हुँदै आइरहेको छ। अध्यक्ष रसाईलीले बताएअनुसार ठाकुरवाड़ी मन्दिरको विधिवत् उद्घाटनपछि आयोजन गरिएको यो पहिलो धार्मिक अनुष्ठान हो। सिक्किममा संस्कार भारतीको स्थापनाकालदेखि कला र संस्कृतिको क्षेत्रमा विभिन्न कार्य गर्दै आइरहेको पनि उहाँले बताउँनुभयो।। आजको कार्यक्रममा रियाज संगीतालय र संस्कार भारतीका सदस्यहरूले भक्ति संगीत प्रस्तुत गरेका थिए। सिक्किम बिहारी जागरण मञ्चले भण्डारा सेवा उपलब्ध गराएको थियो।

# सिक्किम राज्यमा लिम्बू भाषाको इतिहास, अवस्थिति र चुनौतिहरू



*जी. एस. लिम्बू सहायक निर्देशक,सूचना एवम् जन सम्पर्क विभाग,*

जातिको सम्पूर्ण विकास नै भाषा, लिपि, धर्म, साहित्य, संस्कृति आदि हो। कुनै जातिलाई बचाई राख्नमा यसको जति ठूलो भूमिका हुन्छ त्यति केहीमा पनि हुनसक्दैन। आजको विकसित अतिविकसित विश्वम भाषाहरूलाई विकासको सन्दर्भमा हेर्न परे व्यक्ति विशेषको युगौं नभूलिने योगदान पाइन्छ। लिम्बू भाषा अनि व्याकरणमाथि खोज अनि अनुसन्धानकर्ता प्राध्यापक जर्ज वेन्ड्रीमको भनाई मुताविक दक्षिण एसियाका प्राचीन भाषा–भाषीहरूमध्ये लिम्बू भाषा पनि एक प्राचीन भाषा हो। यहि लिम्बू जातिले बोल्ने भाषालाई लिम्बू भाषा भनिन्छ भने यस भाषालाई जुन लिपिद्वारा लेखिन्छ त्यस लिपिलाई भने शिरिजङ्गा लिपि या लिम्बू लिपि भनिन्छ। लिम्बू भाषाको पनि अलग्गै पहिचान छ अनि भाषा विज्ञानमा यसको आफ्नै स्थान छ। त्यसो त यो भाषालाई जगेड़ा गर्ने, लोप हुनबाट बचाउने र जीवित राख्ने धेरै व्यक्तिहरू छन्। जस्तै गरी प्रथम शिरिजङ्गा राजाले लिम्बू लिपिलाई जन्माए। फेरि सन् १७४०ए–४१ तिर दोस्रो शिरिजङ्गा सिड्थेबे तथा शिरिजङ्गा त्येअङ्सीद्वारा लिम्बू भाषा साहित्यको प्रचार–प्रसार गरेको हुनाले यस भाषाको लिपिलाई शिरिजङ्गा लिपि भनिएको हो।

पुरानो शैलीमा या पुरानो लिपिमा लेखिएको 'याक्थुङ मुन्धुम साप्ला' अर्थात लिम्बू अख्यात पुस्तक त्योअङ्सी शिरिजङ्गाद्वारा रचित ग्रन्थ इण्डिया अफिस लाईब्रेरी लण्डनमा संग्रहीत छ। यो ग्रन्थ त्येङ्सी शिरिजङ्गाले मार्ताम, पश्चिम सिक्किममा सन् १७३४–४१ कालमा लेखेका थिए भन्ने तथ्यलाई डा. शोभा यल्मोद्वारा लिखित 'लिम्बू भाषाका स्वरूप विकास' नामक पुस्तकमा उल्लेख गरेको पाइन्छ।

यसरी नै लिम्बू भाषाको विकास हुने क्रममा आधुनिक लिम्बू लिपिको आरम्भिक विकासकाल सन् १९१४–लाई मानिन्छ। करीब १७३ वर्षपछि त्येअङ्सी शिरिजङ्गा सिड्थेबेपछि जब हाड्बीर सेन्दाङका पुत्र लालसोर सेन्दाङ (१८४०–१९२६)–द्वारा शुरुमा पश्चिम सिक्किम अनि पछि १९२४ तिर कालिम्पोङ, पश्चिम बङ्गालमा लिम्बू भाषा लिपि पढ़ाउन र सिकाउन शुरु गरिएको थियो। उनी ईमानसिङ चेम्जोङका गुरु अथवा शिक्षक पनि थिए। त्यसपछि ईमानसिङ चेम्जोङलाई लिम्बू भाषा लिपिको ज्ञान भएपछि सन् १९२५–मा कालिम्पोङमा प्रथमर लिम्बू शैक्षिक संस्था 'याकथुङ हाङ चुम्लुङर'–को स्थापना भएको थियो। अतः समयानुसार लिम्बू लिपिमा हुनुपर्ने आवश्यक सुधार र परिवर्तन भएको पाइन्छ। यसरी नै सन् १९५१–५२ तिर जब इमानसिङ चेम्जोङ सिक्किम सरकारमा सरकारी कर्मचारीको रूपमा कार्यरत भए तब उनले सिक्किमका तीन व्यक्तिहरूलाई लिम्बू भाषा अनि लिपि पढ्न र लेख्न सिकाए। ती व्यक्तित्वहरू हुन् स्व. पी. एस. सुब्बा 'अपतन', स्व. एम. बी. खामधाक अनि स्व. सन्तबीर खामधाक। फलस्वरूप, उनीहरूद्वारा एक 'तुम निङ्वाफू साप्ला' नामक र 'निसी गेक् साप्ला' पाठ्य पुस्तक छापी लिम्बू भाषा–लिपि प्रचार–प्रसार गर्न शुरु गरियो। समय अनुरूप लिम्बू भाषाको विकास हुने ढोकाहरू पनि खोलिँदै गए। सन् १९६७–७८ तिर काउन्सिलर भएका हर्कधोज माङ्युङ लिम्बूले तिनताकका विधानसभा सदनमा राजा पाल्देन थेण्डुप नामग्याल अघि सिक्किमका सरकारी पाठशालाहरूमा लिम्बू भाषा र लिपि पढ्ने–लेख्ने मौका पाउनु पर्छ भनी माग पेश गरेका थिए। हर्कधोजको मागलाई मध्यनजर राख्दै छोग्याल (राजा)–द्वारा लिम्बू भाषामा लेखिएको पुस्तक अनि उक्त भाषा पढ़ाउने क्षमता भएका व्यक्तिहरू छन्/छैनन् भनी सोध–खोज गरेका थिए। प्रतिउत्तरमा स्व. हर्कध्वज लिम्बूले पुस्तक तयार रहेको भनी माथि उल्लेखित 'तुम निङ्वाफू साप्ला' र 'निसी गैक् साप्ला'– राजासमक्ष पेश गरेका थिए। उनले भाषा पढ़ाउन र सिकाउन सक्ने व्यक्तिको रूपमा स्व. इच्छापूर्ण दास सुब्बाको नाम रसदनमा राखेका थिए। तिनताकका राजा पाल्देन थेण्डुप नामग्यालले शिक्षाको विकास हुनुपर्ने कुरामाथि सकरात्मक विचार राखेको हुनाले २१ मार्च १९६८–को दिन स्व. इच्छापूर्ण दासले प्रथम लिम्बू भाषा शिक्षकको रूपमा नियुक्ति पाए। त्यसपछि १९७४–सम्ममा विस्तार–विस्तार लिम्बू भाषा शिक्षकको रूपमा जम्मा ७ जना क्रमैले स्व. महाबिर नेम्बाङ, स्व. हर्कबीर लिम्बू, जहरमान लिम्बू (नेम्बाङ), स्व. चन्द्रमान सुब्बा (चन्द्र माङ्युङ), तेजमान नेम्बाङ, नरमान खामधाक अनि धनराज सुब्बाले लिम्बू भाषा शिक्षकको रुपमा नियुक्ति पाएका थिए। । उनीहरूले लिम्बू भाषालाई आफ्नो शिक्षण पेशाबाट आफ्नो मातृभाषा विकासको निम्ति धेरै उल्लेखनीय योगदान पुर्या एका तथ्यामहरू पनि हामी पाउँछौं। यतिमा स्व. चन्द्र माङ्युङ र तेजमान नेम्बाङले धेरै लेख र किताबहरू प्रकाशित गरी हाम्रो भाषा विकासमा छुट्टै योगदान पुर्या.एका छन्। उनीहरू अहिलेसम्म निरन्तर रूपमा कलम चलाउने हाम्रो समाजका साहित्यकारहरू हुन्।

सिक्किममा लिम्बू भाषाको विकास क्रमअनुसार ११ मार्च १९६८ सालमा सिक्किमको शिक्षा विभाग (चशो छे. (३२) ६२/९९० ऊ–) मुताबिक अधिसूचना जारी गरी लिम्बू भाषाको एक ऐच्छिक पाठ्य भाषा बनायो।

त्यसपछि सन् १९७९–मा लिम्बू भाषा पाँचौं श्रेणीसम्म पठन–पाठनको निम्ति स्वीकृति प्राप्त भयो। त्यसरी नै १९८०–मा कक्षा आठसम्म यो भाषा पठन–पाठन गर्नको निम्ति सिक्किम सरकारबाट स्वीकृति प्राप्त भयो भने फेरी सन् १९८१–मा केन्द्रिय माध्यमिक शिक्षा बोर्ड (सीबीएसई), दिल्लीबाट लिम्बू भाषाको दसौं कक्षामा परीक्षा दिन पाइने स्वीकृति प्राप्त भयो। यसरी नै लगातार सन् १९८४–मा फेरि बाह्रौं श्रेणीसम्म पढ्नको निम्ति अनुमति दिँदै केन्द्रिय माध्यमिक शिक्षा परिषद् दिल्लीले सिक्किम राज्य सरकारलाई पत्रचार गर्यो । त्यसपछि लगभग १६ वर्ष पछि सन् २००० सालमा उत्तर बङ्ग विश्वविद्यालय (नर्थ बेङ्गाल युनिभर्सिटी)–ले लिम्बू भाषालाई स्नातक तहसम्म पढ़ाउने अनुमति दियो। सन् २००७–मा सिक्किम विश्वविद्यालयको स्थापना पछि विद्यार्थीहरूले लिम्बू भाषा ऐच्छिक पाठ्य पुस्तकको रूपमा पढ्ने मौका पाइरहेका छन् भने लिम्बू सम्मान (अनर्स)–को रूपमा २०१२–देखि यता पढाइँदैछ। १ अगस्त, २०१६–देखि स्नातकोत्तर (एमए) स्तरको पढ़ाइ सिक्किम विश्व०विद्यालयले आरम्भ गरिसकेको यहाँहरूसबैलाई सर्वविदित छ।

लिम्बू भाषा विकासको चर्चा गर्दा बी. बी. मुरिङ्ला नुगोको चर्चा नगरी विषय अधुरो रहन्छ। उनी लिम्बू भाषालाई यहाँसम्म उकालने व्यक्तिहरूमध्ये प्रथम पङ्क्तिका प्रथम व्यक्ति हुन्। त्यसो त अन्य व्यक्तिले पनि आ–आफ्नो तरिकाले भाषाको विकास गर्ने क्रममा बहुमूल्य सहभागिता पुर्याएका छन् जस्तै श्री जे. आर. सुब्बाले लिम्बू युमा धर्म (साम्यो) तथा लिम्बू मुन्धुम (आख्यान)–बारे गहन खोज र अनुसन्धान गरी धेरै मुन्धुम पुस्तकहरू प्रकाशित गरेका छन्। उनले प्रकाशित मुन्धुमहरूबाट लिम्बू भाषा विकास सँगसँगै लिम्बूको धनी संस्कृति र परम्परालाई संरक्षण एवम् रीतिथीतिमा एकरूपता ल्याउनमा महत्वपूर्ण भूमिका निर्वाह गरेका छन्। यस्तै प्रकारले स्व. पी. एस. अपतन, स्व. चन्द्र माङ्युम,

*हल पृष्ठ ४ मा..*


## गृह विभाग
## सिक्किम सरकार
## टाशीलिङ सचिवालय
## गान्तोक

**संख्या ०१/गृह/२०२१**

मितिः २९/०१/२०२१

आदेश

विषयः कोभिड १९ नियन्त्रण (CONT-INMENT)–का लागि उपाय

जबकि, केन्द्रिय गृह सचिव, भारत सरकारद्वारा जारी आपदा प्रबन्धन ऐन, २००५–को धारा ६(२) (आई)–अन्तर्गत प्रदत्त शक्तिको प्रयोग गर्दै आदेश संख्या ४०–३/२०२०–डीएम–आइ (ए) मिति २७/०१/२०२१–सितै निगरानी, नियन्त्रण र सावधानीका लागि दिशानिर्देश २८/०२/२०२०–सम्म लागू हुनेछ।

त्यसकारण, आपदा प्रबन्धन ऐन, २००५–को धारा २२(२)(एच)–अन्तर्गत प्रदत्त शक्तिको प्रयोग गर्दै निम्न हस्ताक्षरितद्वारा अध्यक्ष, राज्य कार्यकारी समितिको क्षमतामा, यहाँबाट खामिएको (attached) अनुबन्ध–एक -annexure-l'–मा विस्तृत गरिएको अनि संकलित दिशानिर्देश जारी गरिनका साथै यसको कड़ा कार्यान्वयनका लागि सूचित गरिन्छ अनि भारत सरकारको यस अघिको दिशानिर्देशलाई मिलाएर पढ्ने निर्देश दिइन्छ।

भारत सरकारद्वारा जारी राष्ट्रिय निर्देशिका (National Directives) (अनुबन्ध–खख–मा खामिएको) अनि यस आदेशसितै जारी दिशानिर्देश सम्बन्धित जिल्लापाल (District Magistrate)–हरू तथा पुलिस अधिक्षक (SP)–हरूले उचित कानूनी प्रावधानअनुसार कड़ाइका साथ लागू गर्नुपर्नेछ।

**(एससी गुप्ता, आईएएस)**
**मुख्य सचिव**
**सिक्किम सरकार**
**मिसिल संख्या गृह/गोपनीय/११९/२०२०**

**खामिएकोः माथि उल्लेख गरिएअनुसार**

**शहरी विकास विभाग**
**सिक्किम सरकार**
**गान्तोक, सिक्किम**
**निविदा आमन्त्रणको सूचना**

होटल सोनाम पालगे, देउराली गान्तोक विपरितमा मासिक किरायाको आधारमा भाड़ामा क्याफेटेरिया खोल्न व्यक्तिगत/इच्छुक समूहसित मोहरबन्द कोटेसन आमन्त्रण गरिन्छ।

**सम्पत्तिको विवरण**

**क.**

अ) खुल्ला क्याफेटेरियाः एउटा, ५१०.६५ वर्ग फिट मापन भएको कूल कार्पेट क्षेत्र

आ) क्याफेटेरिया मुनि शौचालयः एउटा

**ख.** अफसेट शुल्कः रू. ३५,८८२/– (पैंतीस हजार आठ सय बयासी रूपियाँ) मात्र।

मोहरबन्द कोटेसन निम्न हस्ताक्षरितको कार्यालयमा २६ फरवरी, २०२१–को दिउँसो तीन बजिसम्ममा आइपुग्नुपर्नेछ। त्यसपछि, कुनै पनि कारण बिनै विभागलाई कोटेसन स्वीकार गर्ने अथवा फिर्ता गर्ने अधिकार प्राप्त छ।

**संयुक्त सचिव**
**शहरी विकास विभाग**
**सिक्किम सरकार**

आर.ओ.सङ्ख्या २३४ आईपीआर/पीयुबी/क्लासिफाईड२०–२१ ५७३/आईपीआर/डीआईआर– १०/२ /२०२१

**सिक्किम राज्य व्यापार निगम**
**सिक्किम सरकार अधिनस्थ**
**देउराली, गान्तोक**

फोनः ०३५९२–२८१९५७, २८१९५६, २८१९५५, फ्याक्स– ०३५९२–२८१९५४/४९

B'ob... stcs1972gmail.com

एनआईटी संख्या एसटीसीएस/पीयूआर/९३/२०२०–२१ १८९० 'ए'

मितिः २१.०१.२०२१

छोटो निविदा सूचना

प्रबन्धन निदेशक, एसटीसीएस–को तर्फमा विनिर्माता/प्राधिकृत वितरक/प्राधिकृत विक्रेताहरूबाट विविध वस्तुहरूको केवल आपूर्तिका लागि आमन्त्रित मोहरबन्द कोटेसनहरू १९.०२.२०२१–को दुई बजी अथवा त्यो भन्दा अघि निम्न हस्ताक्षरितको कार्यालयमा आइपुग्नुपर्नेछ।

नियम अनि सर्तहरूसितै वस्तुहरूको विस्तृत सूचिका लागि कृपया हाम्रो वेबसाइट www.stcsikkim.in मा हेर्न सक्नुहुनेछ।

**प्रबन्धन निदेशक**

**आर.ओ.सङ्ख्या/२१६/आईपीआर/ क्लासीफ्याइड २०–२१**

## सिक्किम राज्यमा लिम्बू भाषा...

श्री हर्क खामधाक, श्री मोहन फुरूम्बो, श्री मोहन इजम, श्री एस. आर. खजुम, श्री एस. बी, माड्मु, स्व. बिर्ख पेघा, श्री बल मुरिङ्ला, डा. बी. एल. खामधाक, श्री ए. बी. सुब्बा, श्री एच. बी. पन्धाक र श्री बी. एल. साउदेन आदिको पनि लिम्बू भाषा विकासमा महत्वपूर्ण योगदान रहेको छ। १९७५–७६ मा सिक्किम सरकारले श्री बी. बी. मुरिङ्लालाई पाठ्य–पुस्तक लेखकको रूपमा नियुक्त गरे पश्चात उनले द्रुत गतिमा लिम्बू भाषा अनि साहित्यको विकासमा सराहनीय काम गरे। भाषा विकासको क्रममा सर्वप्रथम उनले लिम्बू लिपिलाई असल ढाँचा अथवा प्रारूप दिइ पढ्न र सिक्न सजिलो बनाइदिए। तिनताक कम्प्युटर सिस्टमको अनुपलब्धताको कारण उनले निम्न प्राथमिकदेखि बाह्रौं कक्षासम्मको पाठ्य पुस्तकहरू क्यालिग्राफि हस्तलिखित पुस्तकहरू तयार पारे। उनले साहित्यका सबै विधा– नाटक, लेख, निबन्ध, कविता, लोकसाहित्य, बाल–साहित्य, सङ्गीत, सम्पादन कार्य, अनुवाद, कोशलेखन, व्याकरण, विद्यार्थीपयोगी, स्वास्थापयोगी लगायत कृषिसम्बन्धी लेखमार्फत लिम्बू भाषा साहित्यकामा योग्दान पुऱ्याउँदै आइरहेका छन्।

बहुमुखी प्रतिभाका धनी श्री मुरिङ्लाज्यूले एकल रचना, शब्द, सङ्गीत र स्वरमा आकाशवाणी गान्तोकमा पहिलो चोटी लिम्बू साङ्गितिक कार्यक्रम प्रस्तुत गरेका थिए।

यस ऐतिहासिक कार्यक्रममा श्री बी. बी. मुरिङ्लालाई अवकाशप्राप्त न्यायाधिश श्री ए. पी. सुब्बा, उनकी धर्मपत्नी श्रीमती आशा सुब्बा, स्व. कमला सुब्बा, श्री एस. बी. माड्गु र श्री मंगलसिंह सुब्बाले साथ दिएका थिए। यस्तै प्रकारले पूर्व सांसद (एम. पी.) श्री पहलमान सुब्बाले लिम्बू भाषामा वार्ता प्रस्तुत गरेको इतिहास रहेको छ। यसरी नै गान्तोक आकाशवाणी रेडियोमा हाम्रा कार्यक्रमहरू प्रस्तुत हुन थाले।

लिम्बू क्यालेण्डरको प्रकाशनबाट पनि धेरथोर भाषा विकासमा मदत् भएको छ। १९९० सालदेखि सिक्किममा पहिलो चोटी लिम्बू अक्षरमा श्री आर. बी. चुमबाट प्रकाशित लिम्बू क्यालेण्डरले पनि हाम्रो समुदायलाई यस भाषाको जागरूकता गराउन, साउँ अक्षर र संख्याको ज्ञान बढ़ाउन थप सहयोग पुगेको छ।

अहिलेसम्म २०० भन्दा अधिक प्रकाशित लिम्बू भाषाका पत्रिकामध्ये श्री बी. बी. मुरिङ्ला र श्री चन्द्र माड्युङको संयुक्त सम्पादनमा प्रकाशित 'सेकमारी' पत्रिका पहिलो प्रकाशित पत्रिका हो। यस्तैप्रकारले १९७८ सालमा श्री पि. एम. नेम्बाङ र स्व. सन्तबीर खामधाकद्वारा संयुक्त रूपमा देवनागरी लिपिमा सम्पादन–प्रकाशन गरिएको 'युमा माङ' कविता संग्रह पहिलो प्रकाशित संग्रह हो। भाषालाई विकास गर्ने क्रममा राजनीतिक क्षेत्रमा संलग्न व्यक्तिहरू जस्तै स्व. हर्कधोज सुब्बा, स्व. इन्द्रबाहदुर सुब्बा, स्व. के. बी. सुब्बा, श्री सञ्चमान सुब्बा, श्री बिरबल सुब्बा, श्री पहलमान सुब्बा, श्री आर. बी. सुब्बा खेवा, श्री आर. बी. लिवाङ जस्ता व्यक्तित्वहरूले पनि धेरै योगदान पुर्यावएको कुरालाई हामीले भुल्न मिल्दैन। सिक्किम विश्वतविद्यालय एम. ए. स्तरमा अध्ययन आरम्भ गराउनमा विगतका सरकार प्रमुख साथै मानव–संसाधन विभागका पूर्व मन्त्री श्री आर. बी. खेवाले पुर्याएको योगादन साँच्चै अमुल्य रहनेछ। यस स्तरको खुड्किलो टेक्नको निम्ति सहायक प्राध्यापक श्री ए. बी. मुरिङ्ला र डा. बी. एल. खामधाकले गरेका शैक्षिक कार्य पनि उत्तिकै प्रशंसनीय छ। साथै भाइस च्यान्सेलर प्रोफेसर टी. बी. सुब्बाज्यूको योगदान पनि इतिहासले भुल्ने छैन।

कुनै पनि भाषा विकासमा पाठ्य–पुस्तक लगायत पत्र–पत्रिकाहरूको ठूलो भूमिका रहेको हुन्छ। लिम्बू भाषामा अहिलेसम्ममा कथा सङ्ग्रह, कविता सङ्ग्रह, निबन्ध सङ्ग्रह, उपन्यास, नाटक, खण्ड काव्य, साधारण ज्ञान, मुन्धुम, सामान्य किताबहरू अनि समाचार–पत्र गरी लगभग २५० भन्दा अधिक पत्र–पत्रिका साथै पुस्तकहरू प्रकाशित भइसकेका छन्।

हालै पद्मश्री बी. बी. मुरिङ्लाज्यूको प्रमुख सम्पादनमा सिक्किम लिम्बू शब्दकोष कमिटीले अतिनै उपयोगी र आवश्यक (अङ्ग्रेजी–नेपाली–लिम्बू) शब्दकोष प्रकाशित गरी यस भाषा विकासको निम्ति थप बल पुर्या एको छ हालैमा सिक्किम सरकारको मानव संसाधन विकास विभागका लिम्बू शाखाको सहयोगमा केन्द्रिय हिन्दी संस्थानले पनि (हिन्दी–लिम्बू) उपयोगी शब्दकोष तयार भाषा विकासमा थप टेवा पुऱ्याएको छ।

हाल सिक्किममा एउटा विश्विद्यालय, तीनवटा महाविद्यालय अनि १९८ सरकारी विद्यालयहरूमा प्राध्यापक, प्राथमिक (पी. आर. टी), माध्यमिक (जी. टी) र उच्च माध्यमिक (पी. जी. टी) स्तरमा जम्मा ३२४ लिम्बू भाषा शिक्षकहरूबाट पठन–पाठन गरिन्दैछ भने सिक्किमका लगभग १५ वटा नीजि विद्यालयहरूमा पनि लिम्बू भाषा पढ़ाउने काम भइरहेछ।

सिक्किम सरकारको पहलमा सन् २६ जनवरी, १९७९ देखि यता सिक्किम हेराल्ड पनि लिम्बू भाषा र लिपिमा प्रकाश गर्ने काम आरम्भ भयो। यस्तै प्रकारले सन् १९९४ सिक्किम विधानसभामा लिम्बू भाषा अनुवादक नियुक्ति गरी विभानसभाका कार्यविधिहरूको अनुवाद लिम्बू भाषामा गर्ने काम आरम्भ गरिएको हुनाले भाषा विकासमा मदत मिलिरहेको छ। यसरी नै ३ अप्रेल १९७३ देखि यता आकाशवाणी गान्तोक केन्द्रमा लिम्बू भाषामा विभिन्न कार्यक्रमहरूको प्रसारण शुरु भएको थियो। यसबाट पनि भाषा विकास क्रममा केही सहयोग पुगिने रहेको छ। वर्तमान सरकारले लिम्बू लगायत सिक्किममा रहेका सम्पूर्ण जातिको भाषा, संस्कृति तथा परम्परालाई उठान र उत्थान गर्न रप्रशंसनीय कार्य गरिरहेको छ। विश्वका मानिसहरू आफ्नो जातीय भाषा, संस्कृति तथा प्रारम्भिक चिन्हारीको संरक्षण गर्नका निम्ति लड़ाई गरिरहेका छन् भने सिक्किमको सन्दर्भमा सरकार सबै जातिको भाषा, साहित्य, परम्पराको संरक्षणमा लागि परेको छ। जातीय भाषा, परम्परा, संरक्षणको निम्ति सरकारद्वारा विभिन्न प्रयास गरे तापनि वैश्विक आधुनिकीकरण र अङ्ग्रेजी भाषाको प्रकोपले दिनदिनै अरू जातीय भाषा सरह लिम्बू भाषाको प्रयोग गर्ने समुह घट्दै गइरहेछ।

यसैले यस चुनौतिको सामना गर्न सरकार साथ–साथै भाषा सम्बन्धी कार्य गर्ने संस्था, व्यक्तिविशेष र अभिभावकहरूले आ–आफ्नो भाषालाई जगेड़ा र उत्थान गर्नको निम्ति 'भाषामोह' संस्कृतिको अझै विकास गरेर लैजानु पर्ने खाँचो देखिन्छ। लिम्बू भाषाको स्तरले धेरै ऊँचाई छोए तापनि अहिलेसम्म यो भाषा (Universal Unicode)–मा समावेश हुनु सकेको छैन। यस विषयलाई मध्यनजर गरेर समय सापेक्ष नयाँ तकनीकीको प्रयोगमा हामी धेरै सशक्त हुन आवश्यक रहने देखिन्।

लिम्बू भाषा साहित्यको थप विकासको निम्ति धेरै पहलहरु जस्तै सम्पूर्ण स्थानीय भाषा अनि शोध कार्यको निम्ति छुट्टै (Directorate of Language) स्थापना हुनुपर्ने, गुणात्मक भाषा शिक्षणको निम्ति भाषा शिक्षक–शिक्षिकाहरुलाई समयसापेक्ष तालिम दिनुपर्ने, सिक्किम विधानसभामा कार्यप्रणालीको अनुवाद भए जस्तै कानून, डीओपी, जस्ता प्रमुख सरकारी विभागमा सरकारी Notification/Gazette/Legal Notification इत्यादिहरूको पनि अनुवाद हुनुपर्ने, आकाशवाणी गान्तोकबाट भोटिया र लेप्चा भाषाबाट समाचार सिधा प्रसारण भए जस्तै लिम्बू भाषामा पनि समाचार सिधा प्रसारण भए लिम्बू भाषा विकासमा थप टेवा पग्ने थियो।

## लचिलो अनि आनन्ददायी स्कूले शिक्षाका लागि बजेट

*अनीता करवाल,*

कोभिड–१९ महामारीद्वारा स्कूले शिक्षामा ल्याएको अवरोधको प्रभाव सायद विद्यार्थीहरूको एउटा पूरा पिँढीद्वारा महसुस गरियो। एकातिर जहाँ बन्द भएका स्कूलहरूले शिक्षा प्रदान गर्ने तरिकामा परिवर्तन गऱ्यो भने, अर्कातिर स्कूलबन्दीले विद्यार्थीहरूको ज्ञानात्मक पक्ष, भावनात्मक पक्ष अनि मनोक्रियात्मक पक्षको विकासमा स्कूलको पक्का भूमिकालाई पनि सुदृढताका साथ रेखाङ्कित गऱ्यो। महामारीले एकातिर केही कमी प्रकट गऱ्यो जसलाई ठीक गर्न जरुरी छ भने अर्कातिर यस महामारीले स्कूले शिक्षा क्षेत्रले केही नयाँ गर्ने अन्तरनिहित क्षमता अनि प्रवृत्तिलाई पनि प्रकट गऱ्यो। गत केही वर्षमा हामीले शिक्षा क्षेत्रमा ठूलो तस्वीरलाई मिहिन रूपमा हेरिरहेका छौं र नामामन दर, सकल पहुँच अनुपात, विद्यार्थी–शिक्षक अनुपात, उपलब्धि दर इत्यादिमा प्रगति पनि दर्ता गरिरहेका छौं। यस महामारीको कारण हामीले सूक्ष्म स्तरमा गएर, हरेक विद्यार्थी, हरेक स्कूल अनि हरेक अध्यापाकलाई पछ्याउन आवश्यक पऱ्यो, ताकि अध्यापन अनि सिक्ने प्रक्रिया विभिन्न रचनात्मक स्वरूपमा जारी रहनसकोस् र कुनै पनि विद्यार्थी यसबाट पछि छुट्न नजाओस् भन्ने सुनिश्चित गर्नसकियोस्। तथापि, लचिलोपनको कुरा प्रबन्धन वा आपदाको शमन वा अर्थव्यवस्थाका लागि प्रायः भन्ने गरिन्थ्यो भने पहिलोपटक राष्ट्रिय शिक्षा नीति, २०२०, जसलाई निम्न स्तरबाट परामर्शको विस्तृत प्रक्रियापछि महामारीका बीच जारी गरिएको थियो, जब पनि र जहाँ पनि शिक्षाको परम्परागत अनि वैयक्तिक तवर–तरिका सम्भवन नभए, गुणस्तरीय शिक्षाको विकल्प साधनका लागि तयार रहनुपर्नेछ भन्ने आवश्यकताको कुरा गर्दछ।

स्कूल शिक्षा क्षेत्रका लागि हालैमा गरिएको बजेट घोषणालाई उपरोक्त कुराको आलोकमा हेर्न आवश्यक छ। विद्यार्थीहरूलाई केन्द्रमा राख्दै वित्तीय वर्ष २०२१–२२ मा शिक्षाको निम्ति दरबन्दीको ध्यान स्कूलहरूको गुणात्मक सुदृढिकरण र समावेशी, समग्र अनि खुशियालीपूर्ण शिक्षा प्रदान गर्नका लागि सबै शिक्षकको गहन क्षमता निर्माणमाथि छ जसक साथमा शिक्षाका लागि एउटा व्यापक सूचना प्रविधि पूर्वाधारद्वारा पनि दिनसकिन्छ।

कुनै पनि बच्चाको मस्तिष्कमा केवल कक्षा अनि स्कूलमा सकारात्मक बौद्धिक अनि भावनात्मक अनुभवको माध्यमद्वारा सिक्ने आनन्द आजीवन रहने एउटा कौशलको रूपमा रहने गर्दछ। देशभरी करिब १५ हजार स्कूललाई उच्च गुणस्तरीय शिक्षा प्रदान गर्ने उत्कृष्ट स्कूलको रूपमा स्थापित गर्नका लागि तीनदेखि पाँच वर्षको अवधिमा, विविध पृष्ठभूमि, बहुभाषी आवश्यकता तथा बाल–बच्चाहरूको विभिन्न शैक्षणिक क्षमतालाई ध्यानमा राख्ने एउटा निष्पक्ष, समावेशी अनि खुशियालीपूर्ण स्कूले वातावरण प्रदान गर्न बुनियादी पूर्वाधार, श्रेष्ठतम रूपमा प्रशिक्षित शिक्षकहरू तथा रचनात्मक शिक्षण विधिले युक्त गरिनेछ। यसका अतिरिक्त अन्य सबै सरकारी स्कूलको बुनियादी पूर्वाधार, सुविधा अनि पहुँच, गुणस्तर तथा निष्पक्षता बढाउनका लागि संसाधन सुलभ गराउन बजेट दरबन्दी गरी विकसित गर्ने क्रम जारी राखिनेछ।

## एसएसबी जवानहरूको सप्ताहव्यापी कार्यशालाको समापन

नाम्ची, १६ फरवरी। सशस्त्र सीमा बल (एसएसबी)–को ७२औं वाहिनीका जवानहरूका निम्ति आर्ट अफ् लिविङ अन्तर्गत ध्यान एवं श्वास–प्रश्वासमाथि सप्ताहव्यापी कार्यशालाको समापन सम्पन्न भयो। उक्त कार्यशाला विशेष गरेर एसएसबी जवानहरूलाई खुशी अनि तनाउमुक्त मानसिक स्वास्थ्य प्रदान गराउने लक्ष्यका साथ आयोजन गरिएको थियो। बितेका ६ दिनहरूमा प्रसिद्ध गुरूजी अमित ढडका अनि सन्दिप काटोच्द्वारा अधिकारी अनिजवानहरूलाई विभिन्न आसनहरू अनि शारीरिक कसरतसित श्री श्री रवी शङ्करका विविध नैतिक शिक्षा प्रदान गरियो। कार्यक्रममा प्रतिभागी जवानहरूले विभिन्न नैतिक ज्ञान प्राप्त गर्न सकेको प्रतिक्रिया व्यक्त गरे। उक्त कार्यशाला जवानहरूका निम्ति अति नै फलदायक रहेको बताइएको छ। उक्त कार्यशालामा कमाण्डिङ अफिसर एसके अवाधिया, उप–कमाण्डेन्ट राजेश कुमार सिंह साथै एसएसबी–का अधिकारीहरूको उपस्थिति थियो।

**'जीवन अनि...**

विकासमूलक कुराहरू दिव्याङ्गीजनहरूका लागि प्रदान गर्न सकियोस्।जिल्लापाल श्री एम भरणी कुमारले कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै विद्यार्थीलाई यस तालीमको महत्त्वबारे बुझाउनुभयो।

यस कार्यक्रमले विद्यार्थीहरूलाई अनलाइनबाट अफलाइनमा बद्लिने नयाँ तथा आगामी पाठ सिक्न प्रेरित गर्ने जिल्लापालले बताउनुभयो। उहाँले श्रीमती बेनो जेफाइनको प्रेरणादायी कथा पनि साझा गर्नुभयो, जुन भारतीय विदेशी सेवा (आईएफएस)–मा प्रवेश पाउने पहिलो सय प्रतिशत दृष्टिहीन व्यक्ति हुनुहुन्छ। उहाँ प्रेरणाका स्रोत हुनुहुन्छ, जसले दृष्टिहीनतालाई आफ्नो सपना पूरा गर्ने मार्गमा आउन दिनुभएन भन्दै जिल्लापाल श्री कुमारले विद्यार्थीहरूलाई श्रीमती बेनोले जस्तो सपना देख्ने र त्यसलाई साकार पार्ने हौसला र प्रेरणा प्रदान गर्नुभयो।

संस्थानका प्रधानाध्यापक श्री सुब्बाले विद्यार्थी र शिक्षकहरूसित यस तालीमबाट सक्दो लाभ उठाउने आग्रह गर्नुभयो।

सिक्किम सरकारको सूचना तथा जन–सम्पर्क विभागद्वारा प्रकाशित तथा सिक्किम सरकारी छापाखाना तादोङ गान्तोकमा मुद्रित। दूरभाषः २३११४०,२३११३२,२३११४२।
S.G.P.G - 371 / Nepali Herald 2500 Cps .19. 02 2021